फोन नं: ०११-४९०२०१/४९०५८९
Email: akckavre@gmail.com,
Web: www.kavre.akc.gov.np,

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोक

धुलिखेल, काभ्रेपलाञ्चोक

## साना सिंचाई कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**सूचना नं. ६/०८०/८१**

**प्रथक पटक प्रकाशित मिति : २०८०/०६/१२**

कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोकको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साना सिंचाई कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०८०/०७/०२) भित्र तोकिएको ढाँचा "साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" को अनुसूची-२ अनुसारको निवेदन फारम र तपसिलमा उल्लेखित कागजात संलग्न राखी कृषि ज्ञान केन्द्र, धुलिखेल काभ्रेपलाञ्चोकमा वा केन्द्रको सम्पर्क कार्यालय चौतारा, सिन्धुपाल्चोकमा प्रस्ताव दर्ता गर्नहुन सम्वन्धित सवैमा यो सूचना आव्हान गरिन्छ। अनलाइन मार्फत आवेदन दर्ता गर्न इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि फर्महरुले कार्यालयको **वेवसाइट https://www.kavre.akc.gov.np/ को होम पेजमा रहेको आयोजना/कार्यक्रम माग आवेदन फारम भित्र गइ आवेदन पेश गरेको कार्यक्रम** भित्र रहेको **साना सिचाई कार्यक्रम** छनौट गरी कार्यविधिमा निर्दिष्ट **फारम/**कागजात/जानकारीहरु अपलोड एंव प्रविष्ट गरी आवेदन पेस गर्न सकिने छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल:**

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
२. PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. कार्यक्रम मार्फत सिंचाई सुविधा विस्तार हुने जग्गाको क्षेत्रफल खुल्ने कागजात,
५. संस्थागत निर्णयको प्रतिलिपि (संस्थाको हकमा)
६. अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
७. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट सोही कामको लागी सहयोग लिए/नलिएको स्वघोषणा।

**पुनश्च:** "साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" यस केन्द्रको वेवसाईटबाट डाउनलोड गर्न सकिनेछ। साथै अनलाइन मार्फत फर्म भर्ने आवेदकहरुले उल्लेखित सम्पुर्ण कागजातहरुको सक्कल/प्रमाणित प्रति फिल्ड भेरिफीकेशनको क्रममा अनिवार्य पेश गर्नुपर्ने छ। अन्यथा आवेदन छनौटका लागि समावेश गर्न सकिने छैन ।

प्रमुख
कृषि ज्ञान केन्द्र, काभ्रे

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं